नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७१/७२-१०
चलानी नं. : ४९

CDS and Clearing Ltd.

## प्रेश विज्ञप्ति

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड (सिडिएससि) ले मिति २०७१ श्रावण २१ र २२ गते नेपाल धितोपत्र बोर्ड र Association of National Numbering Agencies (ANNA) को सहकार्यमा **"Role of ISO Identifiers in the International Capital Markets: ANNA's Perspective"** विषयक कार्यक्रम आयोजना गरेको छ ।

नेपाल स्टक एक्सचेन्ज लि.मा सूचीकृत संस्थाहरुले आफ्नो धितोपत्र सिडिएससिमा अभौतिकीकरणका लागि दर्ता गर्दा उक्त कम्पनीहरुको धितोपत्रलाई अन्तर्राष्ट्रिय स्तरको पृथक परिचय अंक International Securities Identification Number (ISIN) प्रदान गरिन्छ । सो अंक १२ वटा पृथक अक्षर र अंकको मिश्रित संकेत (Alphanumeric Code) हो । Association of National Numbering Agencies (ANNA) को सदस्यता प्राप्त गरेका National Numbering Agency (NNA) ले मात्र ISIN प्रदान गर्ने अधिकार हुन्छ । ANNA विश्वभरीका १२० वटा National Numbering Agency हरुको छाता संगठन हो । नेपालको NNA को हैसियतले नेपाल धितोपत्र बोर्डले सिडिएसिलाई ISIN प्रदान गर्ने अधिकार प्रत्यायोजन गरेको छ । मिति २०७१ वैशाख १ गते ANNA ले सिडिएससिलाई ISIN प्रदान गर्ने कार्य (Numbering Function) को अधिकार प्रदान गरेको हो । त्यसैले सिडिएससि नेपालको एकमात्र ISIN प्रदान गर्ने निकाय हो ।

पूँजी बजारको थप विकास तथा वृद्धिका लागि आवश्यक रहेको ISIN तथा केन्द्रीय निक्षेप प्रणालीको भूमिका र महत्वलाई दर्शाउने उद्देश्यका साथ सिडिएससिले उक्त दुई दिने तालिम कार्यक्रम आयोजना गरेको हो । उक्त तालिम कार्यक्रममा ANNA का अध्यक्ष श्री ड्यान कुनेल र उपाध्यक्ष तथा सचिव श्री उव मायर्ले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । यो कार्यक्रम ANNA को २२ वर्षको इतिहासमै पहिलो पटक आफ्नो NNA सदस्य राष्ट्रमा आयोजना गरी तालिम कार्यक्रम संचालन गरेको हो ।

सो कार्यक्रममा नेपाल धितोपत्र बोर्डका अध्यक्ष श्री बाबुराम श्रेष्ठ, नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएससिका अध्यक्ष श्री कृष्ण प्रसाद देवकोटा, नेपाल स्टक एक्सचेन्ज लि. का महाप्रबन्धक श्री सिताराम थपलिया, सिडएससिका प्रमुख कार्यकारी अधिकृत श्री सुबोध शर्मा सिग्देल साथै विभिन्न संघ संस्था तथा सरोकारवाला संस्थाहरुको तर्फबाट प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

सो कार्यक्रममा नेपाल धितोपत्र बोर्डका अध्यक्ष श्री बाबुराम श्रेष्ठ ज्यूले ISIN प्राप्त गरी अन्तर्राष्ट्रिय वित्तीय बजारको फाइदा लिन नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत सम्पूर्ण कम्पनीहरुलाई यथासक्य आफ्ना धितोपत्रहरु सिडिएससिमा अभौतिकीकरणका लागि दर्ता गरी आवद्ध हुन अनुरोध गर्नुभयो ।

Subodh

मिति : २०७१/०४/२३

तेस्रो तल्ला, शिखर बिज सेन्टर, थापाथली, काठमाडौं, नेपाल ।
Third Floor, Shikhar Biz Centre, Thapathali, Kathmandu, Nepal.
Tel.: 977-1-4101593, Fax: 977-1-4101597
Website: www.cdscnp.com